**(न्यायिक समितिको अवलोकन भ्रमण प्रतिबेदन) २०७८**

भरतपुर महानगरपालिका, देवघाट गाउँपालिका तथा गोरखा जिल्ला अदालत

**१. बिषय प्रबेश -**

न्याय सम्पादन कार्यलाइ ब्यवस्थित तथा प्रभावकारी बनाउन अन्तर स्थानिय न्यायिक समितिका असल अभ्यास आद्रान प्रदान गर्ने बिषय महत्वपुर्ण रहेको हुन्छ । यसरी न्यायिक समितिबाट न्याय सम्पादनमा निखरता ल्याउन समितिका पदाधिकारी तथा कर्मचारीको क्षमता तथा अनुभव आद्रान गर्न अवलोकन भ्रमण महत्पुर्ण रहेको यथार्थलाइ मनन् गर्दै बारपाक सुलिकोट गाउँपालिकाको न्यायिक समितिले आव २०७७।०७८ मा अवलोकन भ्रमण कार्यक्रम राखेको अबस्था छ ।

**२. <u>अवलोकन भ्रमणमा देहाय बमोजिमका बिषय बस्तु छनौट गरिएको थियो ।</u>**

- न्यायिक सम्पादन कार्यमा दुइ न्यायिक निकाय बिच अनुभव आद्रान प्रदान गर्ने ,
- स्थानिय सरकार सन्चालन ऐन, २०७४ को क्षेत्राधिकारको बिषयमा छलफल गर्ने ,
- आव २०७७/०७८ को दुइ न्यायिक समितिका मुद्दाको बिषयमा छलफल गर्ने,
- न्याय सम्पादनको बिषयमा सुधार गर्नु पर्ने बिषयहरु ,
- संघ प्रदेश संगको न्यायिक अन्तरसम्वन्ध ,र यसमा न्यायिक समितिले खेल्नु पर्ने भुमिकाहरु,
- आर्थिक बर्ष २०७८/०७९ का न्यायिक समितिसंग सम्वन्धित बार्षिक कार्यक्रमहरु,
- समिक्षा (गत आर्थिक बार्षका बार्षिक कार्यक्रमहरुसंग सम्वन्धित )

**३. भ्रमणमा सहभागी पदधिकारी तथा कर्मचारीहरु**

श्री सनमाया गुरुङ- संयोजक न्यायिक समिति

श्री रामजी गुरुङ - सदस्य न्यायिक समिति

श्री धामी बराम — सदस्य न्यायिक समिति

श्री अजय सुबेदी - उजुरी प्रशासक

श्री प्रतिमा अधिकारी - सुचना प्रबिधि अधिकृत

४. भ्रमणको समय अवधि

| क्रस | मिति | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| १ | २०७८।०४।१८ | बाटोको म्याद | |
| २ | २०७८।०४।१९ | अवलोकन भरतपुर मनपा | |
| ३ | २०७८।०४।२० | अलोकलन देवघाट गाउँपालिका | |

| | | | |
|---|---|---|---|
| ४ | २०७८।०४।२१ | अवलोकन भ्रमण गोरखा जिल्ला अदालत | |
| ५ | २०७८।०४।२२ | गाउँपालिका बाटोको म्याद | |

## ५. भरतपुर महानगरपालिकामा भएको अवोकन भ्रमणमा संक्षिप्त जानकारी-

मिति २०७८।०४।१८ गते गाउँपालिकाको न्यायिक समितिको टीम र भरतपुरमहानगरपालिकाको न्यायिक समितिको टीमसंग अन्तरक्रिया गर्ने कार्यक्रम भयो यसमा भरतपुर महानगरपालिका न्यायिक समिति संयोजक तथा नगर उपप्रमुख श्री पार्वती शाह ठकुरीको सहभागीता रहेको थियो ।

### अन्तरक्रिया कार्याक्रममा नगर उपप्रमुख पार्बती शाह ठकुरीले दिएको मन्तब्य

अवलोकन भ्रमणको लागि हाम्रो महानगरपालिकाको न्यायिक समितिलाइ छनौट गरिदिनु भएकोमा बारपाक सुलिकोट गाउँपालिका न्यायिक समितिलाइ धन्यवाद दिदै यस महानगरपालिका न्यायिक समितिको न्यानो स्वागत गर्दै यस प्रति बारपाक सुलिकोट गाउँपालिका प्रति आभार ब्यक्त गर्दै बिगत चार बर्षमा न्यायिक समितिको संयोजक भइ काम गर्न पाउदा न्यायधिशको भुमिका खेलेको जस्तो अनुभव भएको कुरा ब्यक्त गर्दै ,आफु जनप्रतिनिधि भएपछी राजश्व बजेट, अनुगमन तथा मुल्याङ्कन जस्ता ब्यापक तथा बृहत कानुनी अधिकार रहेको हुनाले उपप्रमुखको जिम्मेवारीको दायरा ब्यापक खालको भएको कुरा ब्यक्त गर्दै निर्बाचित हुदाको सुरूवादी अबस्थामा मेयर सापले अधिकार प्रत्यायोजन गरे काम हुने सो बाहेको अबस्थामा नहुने भन्ने ठानेको तर संबिधान र स्थानिय सन्चालन ऐनको आफुलाइ ज्ञान भए पश्चात कानुनले दिएको अधिकारमा मेयरको आदेश पर्खनु पर्ने अबस्था नरहेको अनुभव रहेको बताउदै पहिलो नगरसभाबाट न्यायिक समितिको प्रारम्भिक कानुनी तथा संस्थागत ढाँचा तयार गरेको कुरा नगर उपप्रमुख ठकुरीले बताउनु भएको थियो साथै हाम्रो न्यायिक समितिले प्रत्येक वडामा मेलमिलाप समिति गठन गरिएको र म्याद तामेलको जिम्मेवारी नगर प्रहरीलाइ दिइएको, आर्थिक बर्ष २०७७।०७८ न्यायिक समितिमा ४६ वटा मुद्दा दर्ता भइ ४० वटा फस्यौट भएको तर ५ वटा मुद्दा जिल्ला अदालतमा पुनराबेदनमा गएकोमा सबै फैसला सदर भएकमा मेरो संयोजककत्वमा रहेको समितले गरेको फैसलामा बास्तबिक रुपमा न्याय परेको भान आफुलाइ भएको बताउदै हाम्रो न्यायिक समितिमा मानचामल , जग्गा खिचोला र बहाल बिवादसंग सम्बन्धित मुद्दाहरु ज्यादा पर्ने गरेको बताउनु भयो । मुद्दामा पक्षहरुलाइ सजिलो र सुबिधाको लागि कानुन ब्यवसायीको ब्यवस्था महानगरले गरेको नगरपालिकामा इजलाशको गठन गरी इजलाशमा मुद्दाको सुनुवाइ गर्दा मुद्दा पक्षहरु संयमिति तथा अनुशासित हुने गर्नले मुद्दाको सुनुवाइ सभ्य रुपमा हुनमा सहयोग गरेको बताउनु भयो । गैह्र कानुनी मिटर ब्याजको बिषय महानगरमा रहेको र यसको क्षेत्राधिकार स्थानिय

न्यायिक समितिमा ल्याउदा उचित हुने बिचार ब्यक्त गर्दै मन्तब्य समापन गर्नु भएको थियो । यसका अतिरिक्त फोटो तथा सहभागिता अनुसुचिमा राखिएको छ ।

**गाउँपालिका उपाध्यक्ष श्री सनमाया गुरुङ ज्युले भरतपुर महानगरपालिका न्यायिक समितिको अवलोकन भ्रमण तथा अन्तरक्रिया कार्यक्रममा ब्यक्त गर्नु भएको लिखित मन्तब्य**

भरतपुर महानगरपालिकाकी न्यायिक समिति संयोजक पार्वती शाही ठकुरी ज्यु दुबै पालिकाका तर्फबाट उपस्थित न्यायिक समिति सदस्यहरु तथा कर्मचारीहरुलाइ म बारपाक सुलिकोट गाउँपालिकाको न्यायिक समिति संयोजक सनमाया गुरुङको तर्फबाट सबैलाइ स्वागत तथा न्यानो अभिबादन गर्न चाहन्छु ।

सर्वप्रथम बारपाक सुलिकोट गाउँपालिका गोरखा न्यायिक समितिको अनुरोधमा म लगायत मेरो टिमलाइ यहा महानगरको न्यायिक समितिको अवलोकन तथा यस अन्तरक्रिया कार्यक्रमको लागि आफ्नो अमुल्य समय मिलाइदिनु भएकोमा यस महानगरपालिकाकी उपप्रमुख तथा न्यायिक समिति संयोजक पार्वती शाही ठकुरी लगायत नगर कार्यपालिकाको कार्यालय प्रति बिशेष आभार ब्यक्त गर्दछु ।

नेपालको संबिधान २०७२ तथा स्थानिय सरकार संन्चालन ऐन २०७४ ले स्थानिय न्यायिक समितिलाइ न्यायिक अधिकार प्रदान गरेको छ । बिकेन्द्रित न्याय प्रणालीको मुल्य मान्यता लाइ आत्मसाथ गरी नजिको निकायबाट नागरिकले सेवा पाउने गरी यो ब्यवस्था हुने नेपालको न्याय प्रणालीमा नबिनतम अभ्यासको रुपमा स्थापित हुदै गएको छ। जुन अभ्यास नेपालका सबै स्थानिय सरकारहरुले बिगत चार बर्ष देखि गर्दै आएका छन । तथापी यसमा केही कमीकमजोरीको बावजुत पनि स्थानिय सरकारले न्यायिक अभ्यासलाइ संस्थागत गर्न महत्वपुर्ण पहल कदमी लिएका छन ।

स्थानिय न्यायिक समितिको ब्यवस्थालाइ संबिधानमा नै ब्यवस्था गरी न्यायिक समितिको संयोजक पदलाइ संबैधानिक दायरामा राखु स्थानिय सरकार सन्चालन ऐन २०७४ ले क्षेत्राधिकारलाइ प्रष्ट पार्नु न्यायिक समितिको लागि अवसर हो भने न्ययिक समितिको संस्थागत क्षमता कमजोर भइ संबिधान र कानुनको मर्म अनुरुप स्थानिय अदालतको रुपमा स्थापित हुनलाइ चुनौतीको रुपमा देखा परेको अबस्था छ ।

हाम्रो बारपाक सुलिकोट गाउँपालिकाले न्यायिक कार्यसम्पादनलाइ ब्यवस्थित बनाउन केही कानुनी ब्यवस्था समेत गरेको छ । न्यायिक समिति कार्यबिधि ऐन २०७५ मेलमिलाप केन्द्र ब्यवस्थापन तथा सन्चालन कार्यबिधि २०७७ गाउँसभा तथा गाउँ कार्यपालिका स्वीकृत भइ लागु भइसकेको अबस्था

छ भने संबिधानको अनुसुचिमा ब्यवस्था भए बमोजिम मध्यस्थता तथा फैसला कार्यन्वयन सम्बन्धि कानुन निर्माण गर्न बाँकी छन ।

हाम्रो न्यायिक समितिले बिगत चार बर्षमा गरेका असल अभ्यासको रुपमा समुदायमा न्यायिक समिति, बिद्यालयमा न्यायिक समिति, गरिव तथा बिपन्न बर्गहरुलाइ कानुनी सहयता, घरेलु हिंसा पिडित महिलाहरुलाइ उद्धार तथा राहतमुखी कार्यक्रमहरु सन्चालन गर्दै आएको अबस्था छ भने आगामी दिनहरुमा न्यायमा पहुँच तथा कानुनी सचेतना कार्यक्रम सन्चालन गर्ने भाबि योजना रहेको छ ।

हाम्रो न्यायिक समितिमा आर्थिक बर्ष २०७७।०७८ मा नया दर्ता मुद्दा २२ र जिम्मेवारी सरेर आएका २० गरी कुल मुद्दाको लगत ४२ रहेकोमा त्यसको करिव ४८ प्रतिशत अर्थात २० वटा मुद्दा फस्यौट भएको थियो । यसरी हाम्रो न्यायिक समितिमा दर्ता हुन आउने मुद्दाहरुमा गाली बेइज्यती, जग्गा खिचोला र मानचामल मुद्दाहरुको बाहुल्यता रहेको छ ।

अन्तमा न्यिक समितिको साघुरो तथा नियन्त्रित क्षेत्राधिकारलाइ नितिगत रुपमा सुधार गर्ने तथा संघ प्रदेश तथा स्थानिय तहको न्यायिक अन्तरसंम्वन्ध सहकारिता सहअस्तित्व र समन्वयको आधारमा स्थापित गरेको खण्डमा बिकेन्द्रित तथा संघियता अनुरुपको न्यिक प्रणाली स्थापित हुनेमा कुनै दुइमत हुने छैन ।

6. **मिति २०७८।०४।२० गते देवघाट गाउँपालिकाको न्यायिक समिति र बारपाक सुलिकोट गाउँपालिका न्यिक समितिमा बिच अवलोकन भ्रमण र अन्तरक्रिया कार्यक्रमा समपन्न भयो । यसमा देवघाट गाउँपालिकाकी उपाध्यक्ष बिमला थापा र बारपाक सुलिकोट गाउँपालिकाकी उपाध्यक्ष श्री सनमाया गुरुङको उपस्थिति रहेको थियो ।**

यसमा देवघाट गाउँपालिकाकी उपाध्यक्ष श्री बिमला थापाले राख्नु भएको मन्तब्य यस प्रकार रहेको थियो ।

हाम्रो न्यायिक समितिले मुद्दाको दर्ता गर्ने ब्यवस्था वडा समितिलाइ दिने गरेको र त्यहाबाट नै मुद्दा मेलमिलापबाट बिवाद समाधान हुने गरेको बताउदै गाउँपालिकाको न्यायिक समितिले मुगुको छायाँनाथ गाउँपालिकाको अवलोकन भ्रमण गरेको र दुर्गम ठाउँको न्यायिक समितिको अवलोकन भ्रमण गर्ने गाउँपालिकाको निति रहेको बताउनु भयो । साथै न्यायिक समितिले कानुनी सल्लाहकार समेत राखेको जानकारी गराउनु भएको थियो । त्यस्तै बारपाक सुलिकोट गाउँपालिकाकी उपाध्यक्ष श्री सनमाया गुरुङले हाम्रो न्यायिक समितिले कानुनी सल्लाहकार नराखेको र यसका उजुरी प्रशासक तथा योजना

अधिकृत अजय सुबेदी नै सक्षम भएको जानकारी गराउदै हाम्रो न्यायिक समितिले मेलमिलापको माध्यमबाट बिवादको निरुपणलाइ प्राथामिकता दिएको मनतब्य राखु भएको थियो ।

## ७. मिति २०७८।०४।२१ मा जिल्ला अदालतका भएको अवलोकन भ्रमणको सार संक्षेप

गोरखा जिल्लामा माननिय न्यायधिश श्री दिनबन्धु बरालले स्थानिय न्यायिक समितिले मेलमिलापको माध्यमबाट बिवाद समाधान गरेको खण्डमा बिवादको स्थायी र दिगो समाधान हुने बताउदै मेलमिलाप सम्बन्धि कार्यक्रम जिल्ला अदालतमा राख्न आह्वान गर्नु गर्दै कार्यक्रममा जिल्ला अदालतका श्रेस्तेदारको पनि सहभागिता रहेको थियो ।भने कार्यक्रममा उपाध्यक्ष एंव न्यायिक समिति संयोजक श्री सनमाया गुरुङले स्थानिय न्ययिक समिति क्षमता अभिबृद्धिको लागि जिल्ला अदालतको अहम् भुमिकाको अपेक्षा गर्नु भयो । बिगतमा जिल्ला अदालतको सहयोगमा मेलमिलापकर्ताहरुको तालिम सन्चालन गरिएको बिषय समेत स्मरण गराउनु भयो ।

## ८. अवलोकन भ्रमणको निष्कर्ष

यसरी पाँच दिनमा लगाएर भरतपुर महानगरपालिका देवघाट गाउँपालिका र जिल्ला अदालतको भ्रमण गर्दा देहाय बमोजिमको निष्कर्ष निकालियो ।

भरतपुर महानगरपालिकाको समग्रमा संस्थागत क्षमता बलियो जनशक्ति ब्यवस्था समेत निकै राम्रो भएको पाइयो । अभिलेख ब्यवस्थापन तथा इजलाशबाट मुद्दा सुनुवाइ फैसला कार्यन्वयन गर्न नगर प्रहरीको ब्यवस्था उपप्रमुख ज्युको न्यायिक समितिको गरिमा र प्रतिषंठाको लागि देखाएको मेनहत ले भरतपुर महानगरपालका को न्यायिक समिति स्थानिय अदालतको अभ्यासमा अभ्यस्त भइसकैको देखियो ।

तनहुँ जिल्लाको देवघाट गाउँपालिकाको संस्थागत क्षमता निकै कमजोर रहेको पाइयो । मुद्दाको रेकर्ड समेत नराखेको इजलाश समेत नहरेको पाइयो ।

जिल्ला अदालत गोरखाका अदालती अभ्यास ग्रहण गर्न सकेका न्यायिक समिति स्थानिय अदालत को रुपमा संस्थागत हुने थियो ।

प्रतिबेदकहरु

श्री सनमाया गुरुङ ,संयोजक न्यायिक समिति

श्री धामी बराम, सदस्य न्यायिक समिति

श्री रामजी गुरुङ , सदस्य न्यायिक समिति

श्री अजय सुबेदी सदस्य, न्यायिक समिति

श्री प्रतिमा अधिकारी सुचना प्रबिधि अधिकृत

अनुसुची -१

उपस्थितिको बिवरण

आज मिति २०८०।०४।२० गते तनहुँ जिल्ला देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मा बारपाक सुलिकोट गाउँपालिका न्यायीक समिती र देवघाट गाउँपालिका न्यायीक समिती बिच अवलोकन तथा अन्तरक्रिया कार्यक्रम देहाय बमोजिम उपस्थितीमा सम्पन्न भयो।

न्यायीक समिती

श्री बिमला थापा - संयोजक देवघाट गा.पा.

श्री सरमाया गुरुङ - " " बा.सु.गा.पा.

श्री सानमी गुरुङ सदस्य " बा.सु.गा.पा.

श्री ध्यानी बराल " "

श्री पदम ब० गुरुङ वडा अध्यक्ष दे.गा.पा. वडा नं ८

श्री दुर्गा बहादुर राना अधि प्रशासक दे.गा.पा.

श्री जनसय सुवेदी अधि प्रशासक बा.सु.गा.पा.

निर्ती

समिती

कार्देवा

आज मिति २०८०।०३।१५ गते चित
भरतपुर महानगरपालिका नगर कार्यपालि
महानगर न्यायिक समिति र वारपाक स
समिति बिच देहाय बमोजिमको उपस्थिति
कार्य अनुभव तथा असल अभ्यास सम
अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

उपस्थिति

श्री पार्वती शाही ठकुरी - संयोजक
श्री रतमाया गुरुङ - ,, ,,
श्री राजश्री गुरुङ ,, ,,
श्री धानी बराल ,, ,,
श्री विजय सुवेदी उजुरी प्रशा
श्री प्रतिमा अधिकारी [illegible] प्रति
श्री ओनी कुमारी महतो - कानूनि
अ. स.
श्री कृष्ण प्रसाद सापकोटा -

[redacted]

आज मिती २०८०/४/२१ गते श्री गोरखा जिल्ला अदालतमा श्री मान जिल्ला न्यायाधिश ज्यू को प्रमु- उपस्थितीमा, श्री बारपाक सुलीकोट गाउँपालीका न्यायीक समितीहरुका पदाधीकारीहरुको उपस्थितीमा अन्तर क्रिया कार्यक्रम सु-सम्पन्न गरियो।

उपस्थिती

१. दिन बन्धु पाल प्र. जिल्ला न्यायाधिश.
२. सन माया गुरुङ, सिरानचोक न्यायीक समिति
३. प्यारी बराम सहिद लखन न्यायीक समिति
४. रानजी गुरुङ, सहिद लखन न्यायीक समिति
५. दयाराम भट्ट (डिट्ठा), जिल्ला अदालत, गोरखा

अनुसुची - २

कार्यक्रमका झलकहरु


भरतपुर
BHARATPUR






देवघाट गाउपालिका
गाउ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
टेक बहादुर थापा
देवघाट बिजुली
खुसीONगरौं!


बिमला थापा
गाउँपालिका उपाध्यक्ष



